# तलकोट गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड. १ सङ्ख्या. ४५ मितिः २०८१/०९/२८

## भाग-२

## तलकोट गाउँपालिका

# तलकोट गाउँपालिकाको घरबार विहिनहरुको लागि आवास निर्माण सम्बन्धि कार्यविधि-२०८१

प्रस्तावना

नेपालको संविधानले प्रदान गरेको आवास सम्बन्धी मौलिक हकलाई कार्यान्वयन गरी तलकोट गाउँपालिका क्षेत्र भित्र रहेका घरबार बिहिन जनताका लागि आवास निर्माण गर्न आवश्यक देखिएको तथा गाउँपालिकाले समेत अध्यक्ष विशेष कार्यक्रमको व्यवस्था गरी बजेट समेत बिनियोजन भएकोले बजेटमा व्यवस्था गरिएको अध्यक्ष जनता आवास कार्यक्रमलाई कार्यान्वयन गर्न,

तलकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तलकोट गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम तलकोट गाउँपालिकाको घरबार विहिनहरुको लागि आवास निर्माण सम्बन्धि कार्यविधि-२०८१ रहनेछ।

**२.परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) गाउँ सभा भन्नाले तलकोट गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्नेछ।

(ख) कार्यपालिका भन्नाले तलकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) अध्यक्ष भन्नाले तलकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ।

(घ) उपाध्यक्ष भन्नाले तलकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले तलकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) वडा अध्यक्ष भन्नाले तलकोट गाउँपालिका भित्रका आ आफ्नो वडाका वडा अध्यक्ष लाई सम्झनु पर्नेछ।

(छ) गाउँपालिका भन्नाले तलकोट गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ज) वडा समिति भन्नाले तलकोट गाउँपालिकाका विभिन्न वडाको वडा समितिलाई सम्झनु पर्नेछ।

(झ) प्राविधिक टोली भन्नाले तलकोट गाउँपालिकाको प्राविधिक टोलीलाई सम्झनु पर्दछ।

(ञ) गरिवको परिचयपत्र भन्नाले नेपाल सरकारबाट प्राप्त गरेको गरिबको परिचयपत्रलाई सम्झनु पर्दछ।

(ट) घर जग्गा विहिन भन्नाले नेपाल भरी र नेपाल बाहीर कही कतै घर जग्गा नभएको गाउँपालिका बासी नागरिकलाई सम्झनु पर्दछ।

(ठ) आवास विहिन भन्नाले नेपाल भरी र नेपाल बाहिर कही कतै आफ्नै आवास नभएको गाउँपालिका बासी नागरिकलाई सम्झनु पर्दछ।

(ड) सम्झौता भन्नाले गाउँपालिका कार्यालय र घरजग्गा विहिन वा आवास विहिन नागरिक वीच भएको सम्झौतालाई सम्झनु पर्दछ ।

(ढ) छनौट समिति भन्नाले यस कार्यविधिमा उल्लेखित छनौट समितिलाई सम्झनु पर्दछ ।

(ण) नागरिक भन्नाले नेपाली नागरिकता प्राप्त गरेको तलकोट गाउँपालिकामा स्थायी ठेगाना भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(त) लाभग्राही भन्नाले अनुदान प्राप्त गर्ने योग्यता भएको घरजग्गा विहिन तथा आवास विहिन नागरिकलाई सम्झनु पर्दछ ।

**३. कार्यविधिको पालना गर्नुपर्ने**

(क) तलकोट गाउँपालिका भित्र बसोबास गर्ने पालिकाबासी सबैले यस कार्यविधिको पालना गर्नु पर्नेछ ।

**४. आवास विहिन हुनको लागि देहायको प्रकृया पुरा गरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।**

(क) सम्बन्धित नागरिकले आफ्नो वा छिमेकी टोलका कम्तिमा १५ जना नागरिक बासिन्दाहरुको उपस्थितिमा आफु र आफ्नो श्रीमान वा श्रीमती वा एकासगोलमा नरहेका बाबु, आमा,छोरा,छोरी, हजुर बुवा, हजुर आमा, दाजुभाई, दिदिबहिनी, कोहीकसैसंग निजको हक लाग्ने गाउँको सामान्य ओत लाग्ने घर नेपाल वा नेपाल बाहीर कही कतै नभएको व्यहोराको वडा अध्यक्षको रोहवरमा गरेको वडा मुचुल्का पेश गरेको ।

(ख) वडा समितिले तीन पुस्ते खुलाई निजको हक लाग्ने दफा २ क बमोजिमका नातेदार र निजको वीचमा हकभोग तथा चलन सम्बन्धमा हकदावी नलाग्ने कारण खुलाई किटान गरी गरेको निर्णय ।

(ग) वडा अध्यक्षले तिनपुस्ते खुलाई आवास विहिन भनि गरेको सिफारिस ।

(घ) नागरिकता वा कार्यपालिकाबाट निर्णय भए बमोजिम अध्यक्षले गरेको सिफारिस ।

(ङ) आवास विहिन भएको ५ वर्ष पुरा भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले आवास विहिन हुन परेको कारण खुलाईएको ब्याख्यात्मक टिप्पणी सहितको कागजात दफा ४ (क) बमोजिमको वडा मुचुल्का तथा दफा ४ ख बमोजिमको निर्णय र दफा (४) ग बमोजिमको वडा अध्यक्षको सिफारिस)

**५.घरजग्गा बिहिनले निवेदन दिनुपर्ने**

१) घर जग्गा विहिन हुनको लागि देहायको प्रकृया पुरा गरी गाउँपालिकामा निवेदन दिन पर्नेछ

(क) सम्बन्धित नागरिकले आफ्नो वा छिमेकी टोलका कम्तिमा १५ जना नागरिक बासिन्दाहरुको उपस्थितिमा आफु र आफ्नो श्रीमान वा श्रीमती वा एकासगोलमा नरहेका बाबु, आमा,छोरा,छोरी, हजुर बुवा, हजुर आमा, दाजुभाई, दिदिबहिनी, कोहीकसैसंग निजको हक लाग्ने गाउँको सामान्य ओत लाग्ने घर नेपाल वा नेपाल बाहीर कही कतै नभएको व्यहोराको वडा अध्यक्षको रोहवरमा गरेको वडा मुचुल्का पेश गरेको ।

(ख) वडा समितिले तीन पुस्ते खुलाई निजको हक लाग्ने दफा २ क बमोजिमका नातेदार र निजको बीचमा हकभोग तथा चलन सम्बन्धमा हकदावी नलाग्ने कारण खुलाई किटान गरी गरेको निर्णय ।

(ग) वडा अध्यक्षले तीन पुस्ते खुलाई घर जग्गा बिहिन भनी गरेको सिफारिस ।

(घ) नागरिकता वा कार्यपालिकाबाट निर्णय भए बमोजिम अध्यक्षले गरेको सिफारिस ।

(ङ) घरजग्गा विहिन भएको ५ वर्ष पुरा भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले घरजग्गा विहिन हुन परेको कारण खुलाईएको व्याख्यात्मक टिप्पणी सहितको कागजात (दफा क बमोजिमको वडा मुचुल्का तथा दफा ५ ख बमोजिमको निर्णय र दफा ५ ग बमोजिमको वडा अध्यक्षको सिफारिस)

**६.लाभग्राही छनौट समिति रहने:**

**(क) लाभग्राही छनौट गर्नका लागि गाउँपालिकाको कार्यालयमा देहायको समिति रहनेछः**

अ) गाउपालिका अध्यक्ष...................................................... अध्यक्ष

आ) गाउँपालिका उपाध्यक्ष.................................................. सदस्य

इ) प्रमुख प्रशासकीय अधिकृत............................................. सदस्य

ई) प्राविधिक शाखाको प्रमुख............................................... सदस्य

उ) सामाजिक विकास शाखा प्रमुख..................................सदस्य- सचिव

(ख) समितिले आवश्यक देखेमा बढीमा ३ जनासम्म अन्य व्यक्ति वा संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

**७. समितिले निर्णय गर्ने:**

१) समितिले घर जग्गा तथा आवास विहिनता को समस्या हटाउनको लागि बार्षिक योजनामा विनियोजन भएको रकम खर्च गर्ने विषयमा कार्ययोजना बनाउने, लाभग्राही छनौट गर्ने, वितरण पद्धति तय गर्ने, समस्या आएमा कार्यविधि अनुसार समाधान गर्ने जिम्मेवारी वहन गर्नेछ।

२) समितिले देहायको आधारमा लाभग्राही छनौट गर्नु पर्नेछः

क. गाउँसभाबाट विनियोजन भएको बजेटको सीमा

ख. वडा अध्यक्षको सिफारिस वडा समितिको निर्णय र टोलवासीको उपस्थितिमा गरेको वडाको मुचुल्का,

ग. गरिब परिचय पत्र।

घ. स्थलगत अनुगमन प्रतिवेदन।

ङ. उपदफा २ को (क) (ख) (ग) (घ) का अतिरिक्त समितिले लाभग्राही छनौट गर्दा देहाय बमोजिम अंक प्रदान गर्नु पर्नेछ। त्यसरी अंक प्रदान गर्दा परिवारमा काम गर्न सक्ने सदस्य संख्या समेतको विचार गरी अंक प्रदान गर्नु पर्नेछ। समितिले अंक प्रदान गर्दा धेरैले धेरै पाउने हिसावमा सबैभन्दा बढी अंक प्राप्त गर्ने लाभग्राहीलाई प्राथमिकता दिई निर्णय गर्नेछ।

अ. लाभग्राहीको एकासगोलमा बसोबास गरेको परिवारको सदस्य संख्या-३० प्रतिशत

आ. लाभग्राहीले आवास नहुँदा भाडाको आवास बापत लाग्ने व्ययभार-२० प्रतिशत

ई. लाभग्राहीले आफ्नै स्रोत तथा परिश्रममा जुटाएको ढुङ्गा, ईटा, माटो, काठ इत्यादी -२० प्रतिशत

ई. लाभग्राहीले आफै तयार गरेको घडेरी र जग थाप्ने खाडल- २० प्रतिशत

उ.रकमको अभावमा आफ्नै बलबुतामा गर्न सकिने अन्य कार्यहरु गरेको अवस्था-१० प्रतिशत

२).समितिले सम्भव भए सम्म गाउँपालिकाका सबै वडाहरु समेटिने गरी निर्णय गर्नु पर्नेछ ।

**८.त्रुटी भएमा सच्याउन सक्ने**

(१) घरवार विहिन पहिचान गर्दा त्रुटी भएमा प्रमुख प्रशासकीय अधिकृतले आदेश गरी त्यस्तो त्रुटीपुर्ण कार्य स्थगित गर्न सक्नेछ ।

(२) त्रुटी भएको अवस्थामा गाउँ कार्यपालिकाले सच्याउन सक्नेछ ।

**९.घर खरिद गर्न सक्ने**

(१) यस कार्यविधि बमोजिम अनुदान प्रदान गर्ने रकममा नबढ्ने गरी अनुदान रकम व्यय हुने गरी निर्मित घर वा घरजग्गा खरिद गर्न उपयुक्त छ भनि त्यस्तो घर जग्गाको मुल्य खुलाई बेच्न मञ्जुर गरी घरधनीले दिएको निवेदन सहित वडा अध्यक्षले सिफारिस गरेमा त्यस्तो घरजग्गाको प्राविधिक सहितको टोलिले स्थलगत अध्ययन गरी वस्न योग्य अयोग्य सम्बन्धमा निक्यौंल गरी प्राप्त प्रतिवेदनको आधारमा खरिद गर्ने नगर्ने विषयमा समितिले निर्णय गर्नेछ ।

(२) खरले छोएको घर खरिद गर्न सकिने छैन ।

(३) गाउँपालिकाबाट लाभग्राहीलाई जग्गा व्यवस्था गर्नका लागि उपलब्ध गराउन अनुदान रकम भन्दा बढी रकमको खरिद गर्नुपर्ने अवस्थामा बढी रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ ।

(४) यसरी घर खरिद गर्दा बचत हुने दफा ९ क र दफा १२ बमोजिमको रकम लाभग्राहीले पाउने छैन ।

**१०. सम्झौता गर्नुपर्ने**

समितिको बैठकबाट निर्णय भएपछी देहाय बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी र सम्बन्धित व्यक्तिले सम्झौता गर्नेछन् ।

(२) आवास निर्माण गर्न लाग्ने समय प्राविधिक शाखाको सल्लाहमा सम्झौतामा नै तोकिने छ ।

(३) नयाँ आवास निर्माण गर्दा भुकम्प प्रतिरोधी बनाउने गरी  सम्झौता गर्नुपर्नेछ ।

(४) गाउँपालिकाबाट अनुदान प्राप्त घर वा घरजग्गा सम्बन्धित व्यक्तिले अर्को घर वा जग्गा खरिद गरेको प्रमाण पेश गरेको कागजात पेश नगरुन्जेल सम्म बिक्री गर्न नपाउने गरी सम्झौतामा शर्त तोक्नु पर्नेछ ।

**११.बैंक खाता खोल्नुपर्नेः**

(१) लाभग्राहीले प्राप्त गर्ने अनुदान रकम बैंक मार्फत भुक्तानी गरिने छ ।

(२) लाभग्राहीको नाममा बैंक खाता खोल्नु पर्नेछ ।

**१२. अनुदान रकमको सिमा**

(१) आवास विहिन लाभग्राहीलाई प्राविधिक मुल्यांकन को आधारमा अधिकतम रु २,००,०००।-(अक्षरुपी दुईलाख मात्र) अनुदान दिन सकिनेछ ।

(२) घरजग्गा विहिन नागरिकलाई गाउँपालिका क्षेत्रभित्र  जग्गा खरिद गरेको प्रमाण पेश गरेपछि जग्गा खरिद बापत थप रकम अधिकतम रु १,००,०००।-(एक लाख मात्र) अनुदान दिन सकिनेछ ।

१३. पेश्की सम्बन्धी व्यवस्थाः

(क) लाभग्राहीले पेश्की माग गरेमा सम्झौता भएको रकमको ३३ प्रतिशतमा नबढाई कार्यालयले पेश्की दिन सक्नेछ ।

(ख) पेश्की लगेर सम्झौता बमोजिमको काम नगरेमा गाउँपालिकाले त्यस्तो व्यक्तिलाई सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(ग) जायजेथा नभएको व्यक्ति भएमा पेश्की लगेको रकम असुल गर्नका लागि गाउँपालिकाले सार्वजनिक काममा लगाउन सक्नेछ।

१४. आवास निर्माणमा थप रकम लगाउन सक्नेः(१) लाभग्राहीले गाउँपालिकाले उपलब्ध गराएको रकमले बन्ने आवास भन्दा धैरै लगानी गरी कोठा वा तला थप गरी आवास निर्माण गर्न सक्नेछ तर त्यसरी आस निर्माण गर्दा लागेको थप रकम लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

१५. बेच विखन गर्न नपाउनेः(१) गाउँपालिकाबाट अनुदान प्राप्त गरी निर्माण भएको घर वा जग्गा लाभग्राहीले आफ्नै जग्गामा अर्को आवास निर्माण गरेको प्रमाण पेश नगरी बेचविखन गर्न पाउनेछैन।

१६. प्रचलित कानून बमोजिम हुनेः(१) यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(२) कार्यपालिका बैठकबाट भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१७. संशोधनः(१) यस कार्यविधिमा थपघट तथा संशोधन गर्नुपरेमा कार्यपालिका बैठकको निर्णयबाट गर्न सकिनेछ।

आज्ञाले

यादव भट्टराई

प्रमुख प्रशासकीय अधिकृत